मिति - २०७५।११।१३ गतेको नागरिक दैनिकमा प्रकाशित

# बर्दिबास नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## बर्दिबास, महोत्तरी
## प्रदेश नं.२, नेपाल

### आर्थिक बर्ष ०७५/०७६ को नदीजन्य पदार्थको विक्री कार्यको बोलपत्र सम्बन्धि सूचना
### प्रथम पटक प्रकाशित मितिः२०७५/११/१३

बर्दिबास नगरकार्यपालिकाको मिति २०७५/११/११ को निर्णय बमोजिम, स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद ३ को घ(६) को व्यवस्था, र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प.स.०७५/७६, च.नं.-७३, मिति २०७५/५/१७ को पत्रानुसार यस बर्दिबास नगरपालिकाले तोकेका नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थहरु उत्खनन तथा सकलन भएकको र सो मालबस्तु नगरक्षेत्र बाहिर विक्री – निकासी गर्दा नगरपालिकाले तोकेको दर रेटमा ठेक्का लगाउनु पर्ने भएकाले ईच्छुक फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तको अधिनमा रहि आफ्नो फर्म नवीकरण भएको प्रमाणपत्र, मु.अ. कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक बर्ष २०७४/७५को कर चुक्ताको प्रमाणित प्रतिलिपिहरू, कारवाही वा कालोसूचीमा नपरेको स्वघोषणा, अख्तियारनामा(Letter of Attorney)सहित रितपूर्वकको गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

शर्तहरुः-

१. बोलपत्र फारम सूचना प्रथम पटक प्रकाशित भएकोमितिले १५ औ दिनकोकार्यालय समय भित्र खरिदगर्न सकिने छ भने बोलपत्र पेश गर्ने अवधि बोलपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२:०० भित्र रहनेछ। दर्ता हुन आएको बोलपत्रहरु १६ औ दिनमा दिनको २:०० बजे बर्दिबास नगरकार्यपालिकाको कार्यालयमा खोलिनेछ । बोलपत्र फारामहरु खरिद, दर्ता र खोल्ने दिन सार्बजनिक बिदा परेमा सोको भोलिपल्ट सोही समय भित्र खरिद, दर्ता र खोल्ने कार्य गरिनेछ। बोलपत्र खरिद तथा पेश गर्न बोलपत्रदाता फर्मको प्रोपाइटर स्वयंम उपस्थित हुनुपर्नेछ । उक्त कार्य गर्न आफै उपस्थित हुन नसक्ने भएमा अधिकारिक दस्तखत र फर्मको छाप सहितको अख्तियारनामा दिई प्रतिनिधि खटाउन सक्नेछ ।

२. बोलपत्र फारम साथ धरौटी बापत कबोल अंकको (मू.अ. कर बाहेक) ५(पाँच) प्रतिशत ले हुन आउने रकम यस कार्यालयको कृषि विकास बैंक लिमिटेड, बर्दिबास शाखामा रहेको धरौटी खाता नं. १००६३०११४९१२८०६७मा रकम जम्मा गरेको सक्कल भौचर वा सूचना जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको नेपाल रास्ट्र बैंक बाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकको बोलपत्र जमानत ( बिड बोन्ड) पेश गर्नु पर्नेछ ।

३. खरिद गरेको बोलपत्र फरामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरेर शिलबन्दी गरी खामको बाहिर पट्टि ठेक्का को नाम, ठेकेदारको नाम, ठेगाना, काम विवरण, ठेक्का विवरण, सम्पर्क नम्बर र बर्दिबास नगरपालिकाको कार्यालय, बर्दिबास भनी प्रस्ट बुझ्ने गरी लेख्नु पर्नेछ । बोलपत्र फारममा अंक र अक्षरमा केरमेट नगरी प्रस्टसंग लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिइनेछ ।

४. बोलपत्र दिंदा कुनै प्रकारको शर्त मान्य हुने छैन । साथै यस कार्यालयको छाप र कार्यालयको तर्फ बाट प्रमाणित नभएको बोलपत्र फारमलाई मान्यता दिईने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

५. ठेक्का अवधि २०७६ असार मसान्तसम्म रहनेछ । उल्लेखित न्युनतम ठेक्का रकम बार्षिक भएकोले ठेक्का स्वीकृत भएको फर्मको कबोल अंकलाई बाँकी अवधिको ठेक्का रकम भएकोले २ किस्तामा कुल कबोल रकम यस कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

६. स्वीकृत कबोल रकम बमोजिमको प्रथम किस्ता बापत ५०% बुझाइ सम्झौता गर्नु पर्नेछ र बाँकी अवधिको लागि दोस्रो किस्ताको रकम वापत यस कार्यालयको नाममा २०७६ साल साउन मसान्तसम्मको बैंक ग्यारेन्टी (पर्फमेन्स बंड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । दोस्रो किस्ता २०७६ बैशाख मसान्त भित्र बुझाइ सक्नुपर्नेछ । साथै ठेकदारले कबोल गरेको सम्पूर्ण रकम एकमुष्ठ अग्रिम रुपमा बुझाएमा कबोल अंकको ५% रकम छुट दिइनेछ ।

७. ठेक्का अवधिको प्रचलित कानुन अनुसार बुझाउनु पर्ने आयकर लगायतको अन्य करहरु ठेकेदार स्वंयले व्यहोर्नु पर्नेछ र ठेक्का रकमबाट घटाउन पाइनेछैन ।

८. कारोबार गर्दा बालश्रमको प्रयोग गर्ने र बातावरणमा प्रतिकूल असर पर्ने प्रबिधि अपनाउन पाइने छैन ।

९. बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्राप्त गरी निर्धारित समय भित्र कार्यालयसंग सम्झौता गरिसक्नुपर्नेछ । तोकिएको समय भित्र सम्झौता गर्न नआएमा बोलपत्रदाताले राखेको धरौटी जफत गरी नियमानुसार कारवाही गरिनेछ ।

१०.ठेकेरदारले उठाउने कर यस कार्यालयले तोकेको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गहरुमा ढाट राखी कर उठाउन पाईने छैन ।

११. म्याद नाघी वा रीत नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१२. ठेकेदारले बन्द, हड्ताल र समय अभावको कारण देखाइ छुट तथा मिनाहा दाबी गरेमा कार्यालयले छुट दिने छैन ।

१५. नेपाल सरकार, प्रदेश सरकार र यस कार्यालयले समय समयमा दिएको निर्देशन पालन गर्नु ठेकेदारको कर्तब्य हुनेछ ।

१६. कुनै कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । बिशेष अवस्थामा सुचनामा उलेखित शर्त र समय हेरफेर गर्न सकिने छ ।

१७. यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा बर्दिबास नगरपालिकाको आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त गर्ने सम्बन्धि कार्यविधि २०७५ बमोजिमका साथै अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

१८.सूचना सम्बन्धी बिस्तृत विवरण यस कार्यालयको सूचना पाटी तथा कार्यालयको वेवसाइटwww.bardibasmun.gov.npमा समेत हेर्न सकिने छ । यस सम्बन्धमा अन्य कुरा बुझ्नु परेमायस कार्यालयमा कार्यालयको समयभित्र सम्पर्क राख्न सकिने छ ।

| क्र. सं. | सूचना नं./ ठेक्का नं. | ठेक्काको विवरण | कुल परिमाण (घ. मी.) | न्युनतम अकं ठेक्का रकम (सेवा शुल्क र भ्याट बाहेक) | न्युनतम धरौटी रकम | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | 08/NCB/ Bardibas/ 075/76 | नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदि) बिक्री वितरण | २३६००० | २४९७८२४०।०० | कबोल अंकको ५% | रु.३०००।- |